नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

# विदेशी विनिमय इजाजतपत्र

इजाजतपत्र नं. ने.रा.बैंक/वि.वि.व्य.वि./इ/ट्रे/ओ २२/१०/०७४

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम **श्री आउट वेयर ट्रेक्स एण्ड एक्सपिडिसन प्रा. लि.**लाई यस इजाजतपत्रमा उल्लेखित शर्तहरूको अधीनमा रही विदेशी विनिमय स्वीकार गर्न यो इजाजतपत्र प्रदान गरिएको छ।

| | | | |
|---|---|---|---|
| १. | **कारोवार गर्ने इजाजत** | : | **आफ्नो व्यवसायको सिलसिलामा विदेशी मुद्रा स्वीकार मात्र गर्ने।** |
| २. | **सटही कारोवार गर्ने स्थान** | : | **चुनदेवी, काठमाडौं ।** |
| ३. | **इजाजतपत्रको अवधि** | : | **२०७७ माघ २९ गतेसम्म।** |
| ४. | **कारोवार गर्न स्वीकृत प्राप्त बैंक** | : | **बैंक अफ काठमाण्डू लि., नक्साल।** |

हरू:

व्यवसायको सिलसिलामा बुझिलिएको विदेशी मुद्रा नियमानुसार आफ्नो नगदी किताबमा आम्दानी जनाई भोलीपल्टै बैंकमा दाखिला गर्नु पर्नेछ र सो सम्बन्धी कागजात मासिक रुपमा यस विभागको निरीक्षण तथा अनुगमन फांटमा पेश गर्नु पर्नेछ । अन्यथा जरिवाना समेत लाग्न सक्नेछ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका नियम, विनियम, राष्ट्र बैंकद्वारा जारी परिपत्र, आदेश एवम् निर्देशन तथा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी निर्देशनहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । सो विपरीत कामकाज भएको पाइएमा जुनसुकै वखत पनि यो इजाजतपत्र निलम्वन वा खारेज गर्न सकिनेछ ।

कारोवारको निरन्तरता, आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको परिमाण, नीति निर्देशनको परिपालनाको स्थितिलाई दृष्टिगत गरेर मात्र अर्को अवधिको लागि नवीकरण गर्न कारवाही चलाइनेछ ।

४. यो इजाजतपत्र आफ्नो व्यवसाय सञ्चालन गर्ने ठाउँमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

५. जुन स्थानको लागि सटही कारोवार गर्ने इजाजत पत्र दिइएको छ सोही स्थानको लागि मात्र यो इजाजतपत्र उपयोग गर्न पाइने छ ।

६. यो इजाजतपत्रको म्याद समाप्त भएको ३० दिन सम्मका लागि मात्र विदेशी मुद्रा खाता सञ्चालन गर्न सकिनेछ ।

७. कारोवार गर्ने विदेशी मुद्राको विनिमय दर सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

८. यो इजाजतपत्रको म्याद समाप्त भएको मितिले ३० दिन भित्र नविकरण गरिसक्नुपर्नेछ । तीन महिनासम्म नियमानुसार जरिवाना लिई नविकरण गर्न सकिनेछ, उक्त अवधिभित्र पनि नविकरण नगराएमा इजाजतपत्र स्वत : रद्द भई बैंक ग्यारेन्टी समेत जफत हुनेछ ।

९. विदेशी मुद्राको कारोवार गर्ने स्थान परिवर्तन गर्नुपरेमा यस विभागबाट पुर्व स्वीकृति लिनुपर्नेछ ।

१०. यो इजाजतपत्र अन्य कसैलाई हस्तान्तरण गर्न पाइनेछैन ।

*ालुवाटार, काठमाडौं*

मिति:- २०७४/१२/०१

(सुदिपकुमार न्यौपाने)
सहायक निर्देशक

(ध्रुव पोखरेल)
नि.उप निर्देशक